**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा**
**माननीय न्यायाधीश श्री नहकुल सुवेदी**
**आदेश**
**०७९-WO-०९८३**
**मुद्दाः उत्प्रेषण परमादेश।**

जिल्ला रुपन्देही कम्हरिया गा.पा वडा नं. ३ बस्ने ओम प्रकाश नाउको छोरा मुकेश नाउ ........................................................................१ **निवेदक**

**विरुद्ध**

शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुर ..........................................१ **प्रत्यर्थी**

नेपालको संविधानको धारा ४६ तथा १३३(२) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको भई पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार रहेको छः-

**संक्षिप्त तथ्य**

१. म निवेदक रुपन्देही जिल्ला कम्हरिया गा. पा. नं. ३ मा जन्म भई स्थायी बसोबास गर्दै आएको छु। म निवेदकको आमाले बंशजको आधारमा र बुबाले जन्मको आधारको नागरिकता प्राप्त गरेका दुवै नेपाली नागरिक हुन्। जिल्ला प्रशासन कार्यालय, रुपन्देहीले नागरिकताको प्रमाण पत्र दिन इन्कार गरेपछि मैले सम्मानित अदालतमा मद्दा (रिट नं. ०७८-WO-०८५७) दायर गरेकोमा हाल विचाराधीन अवस्थामा रहेको छ। मिति २०७८।११।०९ गतेमा सर्वोच्च अदालतले नागरिकताको प्रमाण पत्र पेश नगरेको मात्र कारणले अध्यापन अनुमति पत्रको परिक्षामा सहभागी हुन रोक नलगाउनु, शिक्षा हासिल गर्न तथा बैंक खाता खोल्न लगायतका नेपाली नागरिकले पाउन सक्ने सुविधाबाट बन्चित नगर्नु नगराउनु भन्ने बेहोराको अन्तरिम आदेश जारी भएको थियो। सो आदेशबाट मैले अध्यापन अनुमति पत्रको परिक्षामा सहभागी भई म उत्तिर्ण पनि भई सकेको छु। सो परिक्षामा उत्तिर्ण भएको हुँदा त्यसको प्रमाणपत्र लिन निवेदन दिदा विपक्षी शिक्षक सेवा आयोगले मिति २०७९।११।२३ गते "निज निवेदकलाई अध्यापन अनुमति पत्र वितरण गर्नु पर्ने कुनै उपयुक्त आधार तथा कारण नदेखिएकोले निज निवेदक मुकेश नाउँको अध्यापन अनुमती पत्रको प्रमाण पत्र हाललाई वितरण नगरी यथास्थितीमा राख्नु" भनी

निर्णय गरी सो अनुसारको जानकारी गराएको छ। साथै मैले शिक्षक सेवा आयोगबाट विज्ञापन भएको शिक्षक पदमा आवेदन गरेको हुँदा हालसम्म स्वीकृत भएको छैन। अतः साह्रै मर्का परी सम्मानित अदालत समक्ष निवेदन गर्न आएको छु। म निवेदक नेपालको संविधानको नेपाली नागरिकको सन्तान भएकोले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने अधिकार र म स्वतः वंशजको आधारमा नागरिकता पाउन पूर्ण योग्य छु। यस्तै प्रकृतिको मुद्दामा जितेन्द्र कुमार कुशवाहा वि शिक्षक सेवा आयोग सानोठिमी भएको मुद्दा (रिट नं. ०७८-WO-१४५८) मा "रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म अध्यापन अनुमति पत्रको प्रमाण पत्र उपलब्ध गराउने, शिक्षक पदमा आवेदन गर्न, परीक्षामा सहभागी हुन रोक नलगाउनू" भनी सम्मानीत अदालतबाट अन्तरिम आदेश जारी भएको अवस्था छ। म निवेदकलाई अध्यापन अनुमति पत्रको परिक्षामा सहभागी हुन रोक नलगाउनु भनी अन्तरिम आदेश भई सोही आधारमा मैले परीक्षा दिई उत्तीर्ण भई सकेपछि पनि पुनः विपक्षी शिक्षक सेवा आयोगले मिति २०७९।११।२३ गते प्रमाणपत्र वितरण नगर्ने भनी गरेको निर्णय र सोसँग सम्बन्धित सम्पूर्ण कामकारवाही उत्प्रेषणको आदेशले बदर गरी शिक्षक पदमा आवेदन गर्न, परीक्षामा सहभागी हुन तथा उत्तीर्ण भएको अवस्था नियुक्ति पदस्थापन गर्नु गराउनु भनी विपक्षीको नाउँमा परमादेशलगायत अन्य आवश्यक उपयुक्त आज्ञा, आदेश वा पूर्जी जारी गरी पाऊँ भनी विपक्षी शिक्षक सेवा आयोगको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने समेत बेहोराको निवेदक मुकेश नाउले यस अदालतमा दायर गरेको रिट निवेदन।

२. यसमा के कसो भएको हो निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो आदेश जारी हुन नपर्ने कुनै आधार र कारण भए सो सहित यो आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू। साथै निवेदकले अन्तरिम आदेश समेत माग गरेको सन्दर्भमा हेर्दा, निवेदकले यसै अदालतबाट ०७८-WO-०८५७ को परमादेश समेत मुद्दामा मिति २०७८।११।८ मा भएको अन्तरिम आदेश अनुसार जन्मदर्ताको माध्यमबाट सहभागी भई अध्यापन अनुमति पत्रको परीक्षा उत्तिर्ण भएको भन्ने देखिन्छ। यसरी उक्त परीक्षा उत्तिर्ण भए पश्चात उक्त अध्यापन अनुमति पत्रको प्रमाणपत्र माग गरी निवेदन दिएकोमा शिक्षा सेवा आयोगबाट निजको नाउँको अध्यापन अनुमति पत्रको प्रमाणपत्र हाललाई वितरण नगरी यथास्थितिमा राख्नु भनी निर्णय भएको भन्ने शिक्षा सेवा

आयोग सानोठिमी भक्तपुरको पत्र संख्या ०७९।८० च.नं. ४३७ मिति २०७९।११।२३ को पत्रबाट देखियो। यस अदालतबाट अन्तरिम आदेशको माध्यमबाट परिक्षामा समावेश भैसकेपछि उत्तिर्ण भएमा यी निवेदकलाई प्रमाण पत्र नदिनु पर्ने कुनै उचित कारण समेत नदेखिएको अवस्थामा निजलाई अध्यापन अनुमति पत्रको प्रमाणपत्र उपलब्ध नगराउने कार्य मनासिव देखिन आएन। सुविधा सन्तुलनको दृष्टिबाट प्रस्तुत निवेदनको टुंगो लाग्दाको अवस्थामा कानून बमोजिम हुने गरी हाललाई यी निवेदकलाई निजले उत्तिर्ण गरेको अध्यापन अनुमतिको प्रमाणपत्र उपलब्ध गराउनु र जन्मदर्ताको माध्यमबाट शिक्षक पदमा आवेदन गर्न र परिक्षामा सहभागी हुनलाई नरोक्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ को २ को (क) बमोजिम यो अन्तरिम आदेश जारी गरी दिएको भनी यस अदालतबाट मिति २०७९।१२।९ मा भएको आदेश।

३. शिक्षक सेवा आयोग नियमावली, २०५७ (यस पछि "नियमावली" भनिएको) १० मा गरिएको व्यवस्था बमोजिम आयोगले आफ्ना काम कारवाहीलाई अगाडि बढाएको हो र यसको कार्यान्वयनमा आयोग प्रतिवद्ध छ। उक्त नियम १० को खण्ड (क) बमोजिम गैर नेपाली नागरिक शिक्षक पदमा उम्मेदवार हुन नसक्ने भनी स्पष्ट व्यवस्था भएको हुँदा र निवेदकले नेपाली नागरिकता लिएको अवस्था नभएकोले निजलाई जन्मदर्ताको माध्यमबाट शिक्षक पदको परीक्षामा सामेल गराउने कार्य कानून एवं विधिसम्मत देखिंदैन। प्रत्यर्थी शिक्षक सेवा आयोगलाई सुनुवाईको अवसर नै नदिई जारी भएको मिति २०७९।१२।०९ गतेको अन्तरिम आदेश उल्लिखित कानूनी व्यवस्था समेतको प्रतिकूल रहेको हुँदा खारेज गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गर्दछु भन्नेसमेत बेहोराको शिक्षक सेवा आयोगको तर्फबाट महान्यायाधिवक्ताको कार्यालय मार्फत यस अदालतमा पेश भएको लिखित जवाफ।

## यस अदालतको आदेश

४. नियमबमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश भएको प्रस्तुत निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रक्षाराम चमारले निवेदक मुकेश नाउले जिल्ला प्रशासन कार्यालय,रुपन्देहीबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरी सकेको भनी बहस गर्नुभयो। यसका साथै निवेदकका वारेस निशा हरिजनले समेत निवेदक मुकेश नाउले जिल्ला प्रशासन कार्यालय,रुपन्देहीबाट नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरी सकेको भनी जानकारी गराएको सम्बन्धी निवेदन दर्ता गरी (दर्ता नं. ९०५, सूचना दस्तुर नगदी रसिद नं. १९४३८०३८ समेत संलग्न रहेको) आज यस इजलाससमक्ष पेश गर्नु भएको छ।

५. यी निवेदकबाट दायर भएको ०७८-wo-०८५७ को निवेदनमा मिति २०७८।११।९ मा सुनुवाई हुँदा **"निवेदकको आमा बाबु नेपाली नागरिक रहेको अवस्थामा निवेदकलाई अध्ययन एवं अध्यापन अनुमती पत्रको परीक्षामा सहभागी हुन रोक लगाउने तथा बैंक खाता खोल्न रोक लगाउँदा निजलाई अपूरणीय क्षती हुन जाने भै सुविधा सन्तुलनको हिसाबले समेत उचित देखिंदैन। तसर्थ, कानून बमोजिमको अन्य कागजात पेश गरेको स्थितिमा नागरिकताको प्रमाणपत्र पेश नगरेको मात्र कारणले निवेदकलाई अध्यापन अनुमती पत्रको परीक्षामा सहभागी हुन रोक नलगाउनु"** भन्ने आदेश भएको देखिन्छ। सो आदेशको उद्देश्य आमा बाबु दुवै नेपालको नागरिक भएको अवस्थामा यी निवेदकको नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने योग्यता भएको र प्रमाणपत्र हासिल गर्ने कार्यविधिसम्म बाँकी भएको अवस्थामा रोजगारी पाउने हक एंव अवसरहरुबाट वञ्चित हुन नदिन तत्कालको लागि निकास दिनुपर्ने देखिन्छ। यस्तो अवसरको लागि यी निवेदकलाई यस अदालतले मार्ग प्रशस्त गरिदिए पछि यी निवेदकले अध्ययन अनुमतिपत्रको परीक्षामा सामेल भई उत्तिर्ण भएतापनि शिक्षा सेवा आयोगले मिति २०७९।११।२३ मा **"निज निवेदकलाई अध्यापन अनुमतिपत्र वितरण गर्नु पर्ने कुनै उपयुक्त कारण र आधार नदेखिएकोले निज निवेदक मुकेश नाउको अध्यापन अनुमतिपत्रको प्रमाणपत्र हाललाई वितरण नगरी यथास्थितिमा राख्नु"** भन्ने निर्णय गरेको भन्ने निवेदन बेहोराबाट खुल्न आएको छ। यस निवेदनका सम्बन्धमा शिक्षक सेवा आयोगतर्फबाट महान्यायाधिवक्ताको कार्यालय मार्फत पर्न आएको लिखित जवाफमा **"गैर नेपाली नागरिक शिक्षक पदमा उम्मेदवार हुन नसक्ने, निजले नेपालको नागरिकताको प्रमाणपत्र लिएको अवस्था नभएकोले निजलाई जन्मदर्ताको माध्यमबाट शिक्षक पदको परीक्षामा सामेल गराउने कार्य कानून र विधि सम्मत नभएको, प्रत्यर्थी शिक्षा सेवा आयोगलाई सुनुवाईको अवसर नै नदिई जारी भएको मिति २०७९।१२।९ गतेको अन्तरिम आदेश उल्लिखित कानूनी व्यवस्था समेतको प्रतिकुल रहेको"** भन्ने उल्लेख गरेको देखिन्छ। लिखित जवाफका हस्ताक्षरकर्ता अधिकार प्राप्त अधिकृतबाट नेपाली नागरिक आमा र बाबुका सन्तानलाई **"गैर नेपाली नागरिक"** भनि लिखित जवाफमा सम्बोधन गर्नु, यस अदालतबाट जारी भएको अन्तरिम आदेशलाई कानून प्रतिकुल भनी उल्लेख गरेपनि सो आदेश खारेजीको लागि कुनै पहल नगर्नु तथा त्यस्तो बेहोरा उल्लिखित लिखित जवाफ महान्यायाधिवक्ताको कार्यालय मार्फत जस्ताको तस्तै यस अदालतमा प्रेषित गर्नुलाई सामान्य रुपमा हेर्न सकिएन। यी निवेदकको नाममा नेपाली नागरिकताको प्रमाणपत्र जारी नभएकै कारण निजलाई **"गैर नेपाली"** भन्ने शब्दावलीको प्रयोगबाट लिखित जवाफ पेश गर्ने हस्ताक्षरकर्ता अधिकृत नेपालको संविधानमा उल्लिखित नागरिकताको विषयमा तथा अदालतको आदेश पालना गर्ने सम्बन्धमा संवेदनशिल

नभएको अनुभुति हुन्छ। कुनै पनि जिम्मेवार राष्ट्रसेवकबाट यस प्रकृतिको सोचको प्रस्तुती अपेक्षित हुदैन। **अदालतले जारी गरेको आदेश संविधान र कानून कै परिधिमा रही जारी हुन्छ, सो आदेश बदर नभएसम्म त्यसलाई कानून प्रतिकुल भनी नामाकरण गर्ने अधिकार राष्ट्रसेवक कर्मचारीका हुदैन। नेपालको संविधान बमोजिम नेपालको नागरिक हुन योग्य व्यक्तिको नाममा नेपाली नागरिकताको प्रमाणपत्र जारी भै नसकेकै कारण त्यस्तो व्यक्ति "गैर नेपाली नागरिक" भनी सम्बोधन गर्नुलाई नागरिकताको विषयमा राख्नु पर्ने सामान्य ज्ञानको कमीको रुपमै बुझ्नु पर्ने देखियो।** यी निवेदकलाई "गैर नेपाली नागरिक"को वर्गमा राख्नु अघि निजको नेपालको नागरिक हुन योग्यता नपुगेको वा विदेशको नागरिकता ग्रहण गरेको प्रमाणित गर्नु पर्ने हुन्छ। हाल यी निवेदकले नेपालको नागरिकताको प्रमाणपत्र पाईसकेकोबाट पनि निजले यस अदालतमा निवेदन दर्ता गर्दा तथा यस अदालतबाट आदेश जारी हुँदासमेत नेपालको नागरिक हुने योग्यता पुगेको व्यक्ति रहेको पुष्टि भईरहेबाट प्रत्यर्थीको लिखित जवाफको बेहोरा स्वीकार्य देखिएन।

६. अब, निवेदकको माग बमोजिम आदेश जारी हुनु पर्ने हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा, यी निवेदकले नेपालको नागरिकताको प्रमाणपत्र पाईसकेको अवस्था रहेको कारण निवेदकको माग सम्बोधन भै सकेको तथा माग बमोजिम अध्यापन अनुमतिपत्र पाउन सक्ने अवस्था सृजना भईसकेको र नागरिकताको प्रमाणपत्र माग गरि पेश भएको निवेदनमा निज निवेदकले नेपालको नागरिकताको प्रमाणपत्र पाईसकेको कारण थप आदेश जारी गरिरहनु परेन भनी निज निवेदक मुकेश नाउ वि. जिल्ला प्रशासन कार्यालय,रुपन्देहीसमेत भएको ०७८-wo-०८५७ को निवेदन आजै यस इजलासबाट खारेज भएको देखिएको छ। प्रस्तुत रिट निवेदनको विषय बस्तु समेत नेपालको नागरिकताको प्रमाणपत्र उपलब्ध नभएको कारणबाट सृजना भएको र निवेदकले हाल नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गरी सकेको हुँदा थप आदेश गरिरहनु परेन। रिट निवेदन खारेज गरी दिएको छ। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनु होला।

**न्यायाधीश**

उक्त आदेशमा सहमत छु।

**न्यायाधीश**

**इजलास अधिकृतः**- निराजन पाण्डे

**कम्प्युटर अपरेटरः**-सुजन नेपाल

ईति संवत् २०८० साल साउन २३ गते रोज ३ शुभम्.................................।